गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय नवलपुर
नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)
नेपाल
फोन नं. : ०७८-५४०१३५
Email : dfonawalpur@gmail.com

पत्र संख्या : २०८३/०८४
चलानी नं.:

मिति :२०८३/०५/१६
ने.सं.११४६ गुंलागा: चतुर्थी, मंगलबार

विष्णुप्रसाद अधिकारी
डिभिजनल वन अधिकृत

## दहत्तर बहत्तर काठ दाउरा संकलन सम्बन्धी डिभिजन वन कार्यालय नवलपुरको अत्यन्त जरुरी सूचना

सूचना प्रकाशन मिति २०८३/०५/१६

प्रस्तुत बिषयमा मिति २०८३/०५/१० गते रसुवा, नुवाकोट, धादिङ लगायतका जिल्लामा आएको विनाशकारी बाढीका कारण विभिन्न वन क्षेत्रबाट बगाई ल्याएका तथा ढलेका गोलिया काठ, दाउरा तथा अन्य काष्ठजन्य वन पैदावारहरू नारायणी नदी तथा नदी किनारका विभिन्न स्थानमा थुप्रिएको/छरिएको अवस्था रहेको छ । विशेषगरी यस जिल्ला तर्फ नारायणी नदीको किनारमा उक्त काठहरू नदीको बहाव तथा जोखिमयुक्त स्थानमा रहेको हुँदा सर्वसाधारणले ज्यानको जोखिम मोलेर नदी वा नदी किनारमा प्रवेश गरी काठ निकाल्ने, तान्ने, काट्ने, उठाउने, ओसारपसार गर्ने, बिक्री वितरण गर्ने वा आफ्नो स्वामित्वमा लिने कार्य नगर्नुहुन सम्बन्धित सबैमा सूचित गरिन्छ ।

साथै, बाढीले बगाई ल्याएका काठ, दाउरालाई आफूखुसी संकलन, चोरीनिकासी, बिक्री वितरण वा अन्य कुनै किसिमले प्रयोग गरेको पाइएमा प्रचलित वन ऐन, २०७६, वन नियमावली, २०७९, गण्डकी प्रदेश वन ऐन, २०८०, गण्डकी प्रदेश वन नियमावली, २०८१, तथा अन्य प्रचलित कानूनबमोजिम आवश्यक कारबाही गरिने व्यहोरा समेत जानकारी गराइन्छ । नदीमा पुनः बाढी आउन सक्ने तथा काठ बगेर मानव बस्ती, पुल, सडक, तटबन्ध लगायतका संरचनामा क्षति पुचाउन सक्ने भएकाले जोखिमपूर्ण तरिकाले नदी तथा नदी किनारबाट काठ नझिक्न/नउठाउन समेत अनुरोध गरिन्छ ।

प्रचलित कानून बमोजिम यस कार्यालयको कार्यक्षेत्र भित्र बाढीले बगाई ल्याएका काठ, दाउराहरुको पहिचान, लगत संकलन, नापजाँच, सुरक्षित संकलन तथा व्यवस्थापन कार्यका लागि यस कार्यालयबाट सम्बन्धित सब डिभिजन वन कार्यालयलाई आवश्यक निर्देशन तथा सम्बन्धित कार्य क्षेत्रमा रहेका ईलाका प्रहरी कार्यालय, सम्बन्धित सामुदायिक वन उपभोक्ता समूह र सम्बन्धित स्थानीय तहलाई आवश्यक सहयोग गर्न भनि पत्राचार गरिसकेको हुँदा सर्वसाधारणले उक्त कार्यमा सहयोग गरिदिनुहुन अनुरोध छ । कुनै स्थानमा बाढीले बगाई ल्याएको काठ, दाउरा देखिएमा आफूखुसी उठाउनुको सट्टा नजिकको वन कार्यालय वा सब डिभिजन वन कार्यालय वा सम्बन्धित सामुदायिक वन उपभोक्ता समूह वा नजिकको प्रहरी कार्यालय वा सम्बन्धित स्थानीय तहलाई जानकारी गराई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।